छत्रदेव गाउँपालिका
CHHATRADEV RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

# डेडीकेटेड ईन्टरनेट जडान सम्बन्धी सूचना !

*प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०६/०१*

छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थासमेतमा देहायको सर्तको अधीनमा रही Dedicated Internet with Public IP (100Mbps) जडान गरी सेवा प्रदान गर्न इन्छुक ईन्टरनेट सेवा प्रदायक फर्मले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र के-कति दरभाउमा सेवा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी BoQ भरी शिलबन्दी दरभाउपत्र पेस गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरु:**

१. प्रत्येक कार्यालय/स्वास्थ्य संस्थामा Per-point local VLAN with 2 unique VLAN सेवा प्रदान गर्नु पर्नेछ।

२. ईन्टरनेट सेवा प्रदायकले नियमित रुपमा ईन्टरनेट सेवा उपलब्ध गराउनु पर्ने छ। केही विशेष कारणवश सम्झौता अवधिभित्र लगातार २ दिन भन्दा बढी अवधिसम्म सेवा अवरुद्ध हुन गएमा सेवा प्रदायकलाई कार्यालयले ईन्टरनेट अवरुद्ध हुन गएको दिनको रकम कट्टा गरी भुक्तानी गर्नेछ।

३. सेवा प्रदायकले सेवाको चेकजाँच गरी सेवालाई निरन्तर रुपमा उपलब्ध गराउनु पर्ने छ। उक्त कार्यका लागि थप शुल्क माग गर्न पाइने छैन।

४. कार्यालयले ईन्टरनेटको Speed घटी वा बढी गर्न आवश्यक ठानेमा थप कार्यादेश दिइ सेवा लिन सक्नेछ।

५. सेवा प्रदायकले सम्झौताको १५ (पन्ध्र) दिनभित्र इण्टरनेट सेवा सुचारु गर्नुपर्नेछ। उक्त कार्य सम्झौता पश्चात एक वर्षसम्म निरन्तर रुपमा सेवा प्रदान गर्नु पर्नेछ।

६. ईन्टरनेट सेवा वापतको रकम कार्यालयले सेवा प्रदायकलाई त्रैमासिक रुपमा भुक्तानी गर्नेछ।

७. सेवा प्रदायकले दरभाउ पेस गर्दा निवेदनसहित अनिवार्य रुपमा फर्म दर्ता/नवीकरण, मु.अ.कर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

८. सेवा प्रदायकले कुनै कारणवश सेवा उपलब्ध गराउन असमर्थ रहने भएमा कहिले देखि सेवा उपलब्ध गराउन नसक्ने हो सो मिति भन्दा कम्तिमा पनि ३ महिना अगावै गाउँपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ।

९. दरभाउपत्र खरिद पूर्व अनिवार्य रुपमा फर्म सूचीकृत गर्नु पर्नेछ।

१०. दरभाउपत्र रु. १०००।०० नगद तिरी गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०६/१५ गते कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

११. दरभाउपत्रदाताले मिति २०८३/०६/१६ गते दिउँसो १२:०० बजेभित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ साथै दिउँसो १:०० बजे दरभाउपत्र खोलिने छ।

१२. दरभाउपत्र सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।
थप जानकारीका लागि मोबाईल नं. ९८४९०५६५९८ मा सम्पर्क गर्न सकिनेछ।

.........................
बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner